आठराई त्रिवेणी गाउँपालिकाको सिमानाभित्र रहेका जग्गाहरुको भू-उपयोग योजना तथा भू-वर्गीकरण सम्बन्धी प्रतिवेदन

<u>पेश गरिएको</u>

आठराई त्रिवेणी गाँउपालिका

गाँउ कार्यपालिकाको कार्यालय

हाङपाङ, ताप्लेजुङ्ग

<u>पेश गर्ने</u>

श्री साकुरा कन्सल्टेन्सी एण्ड ट्रेनिङ् सेन्टर प्रा.लि.

ईटहरी, सुनसरी

सम्पर्क नं. ९८६५४८५०२२

ईमेल: **consultancysakura@gmail.com**

सार संक्षेप

आठराई त्रिवेणी गाउँपालिका भू-उपयोग वर्गीकरण तथा नक्सांकन १:१०,००० स्केलमा गरिएको छ। यस अध्ययनको लागि सेटेलाईट ईमेज तथा कित्ता नक्सा सिटहरुको प्रयोग गरिएको छ । सरकारी सार्वजनिक जग्गाहरु, बाटो, खोलानाला, ताल तलैया आदिको कित्ताहरु छुट्याउनको लागि जिल्ला प्रशासन कार्यालय संग रहेका सरकारी सार्वजनिक कित्ता जग्गाहरुको श्रेष्ताहरुको अध्ययन गरिएको छ । त्यसैगरी गाउँपालिका क्षेत्रको विस्तृत भू-सर्वेक्षण एवं स्थानिय जनप्रतिनिधि र नागरिकहरुसंग व्यापक अन्तरक्रिया गरिएको छ ।

भू-उपयोग क्षेत्र वर्गिकरणको लागि GIS मा आधारित Multi-Criteria Evaluation, भू-क्षमता, भू-व्यवस्थापन, भू-प्रणाली, वर्तमान भू-उपयोग जोखिम संवेदनसिलताका साथै जनसांखिक मापदण्ड जस्तै जनसंख्या वृद्धि, कृषि तथा जनघनत्वको अध्ययन गरिएको छ । त्यसैगरि विभिन्न Planning Standards र Norms हरुपनि अध्ययन गरि भू-उपयोग क्षेत्र वर्गिकरण गरिएको छ ।

भू-उपयोग क्षेत्र नक्साको परिणाम अनुसार यस गाउँपालिका क्षेत्रमा सबैभन्दा बढी प्रस्तावित कृषि क्षेत्रले ओगटेको छ । प्रस्तावित कृषि क्षेत्रमा ४६६६ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित वन क्षेत्रमा २४३५ हेक्टर क्षेत्रफल रहेको छ ।प्रस्तावित आवासिय क्षेत्रमा १२४१ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित सार्वजनिक उपयोगको क्षेत्रमा २४१ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्रमा ५ हेक्टर क्षेत्रफल रहेको छ । प्रस्तावित नदी खोला ताल सिमसार क्षेत्रमा ३०० हेक्टर क्षेत्रफल रहेको छ ।प्रस्तावित खानि तथा खनिज क्षेत्र, अन्य क्षेत्र, र व्यावसायिक क्षेत्रमा गाउँपालिकाको मापदण्ड अनुसार अहिले कुनैपनि कित्ताहरु परेका छैनन् ।

विषय सूचि

१. पृष्ठभूमि ३

२. वर्गीकरणको औचित्य ४

३. उद्देश्यहरु ४

४. अध्ययन क्षेत्र ५

५. कार्य क्षेत्र ५

५.१ भू-उपयोग क्षेत्र वर्गीकरणको तयारी अन्तर्गत सम्पन्न गरिएका कार्यहरु ६

५.२ स्थानीय आवश्यकताहरु पहिचान गर्नको लागि गरिएका कार्यहरु ६

५.३ भू-उपयोग नक्शा एवं तथ्याङ्कहरुलाई अध्ययन तथा विश्लेषण गर्नको लागि गरिएका कार्यहरु ७

५.४ भू-उपयोग क्षेत्र वर्गीकरण ७

५.५ नक्शा एवम तथ्याङ्कको अद्यावधिक ८

अनुसुचीहरु

१. पृष्ठभूमि

मानव जगतको जीवन र सम्बृद्धि सुनिश्चित गर्नका लागि भूमिको उचित प्रयोग हुनुपर्दछ भन्ने कुरामा सन्देह छैन। तर भूमिको परिमाण सीमित हुने जनसंख्या र जनचाहना असिमित रुपमा बढ्दै जाँदा प्रतिव्यक्ति भूमिको मात्रा घट्दै जान्छ। जनचाहना परिपूर्ति गर्नका लागि विभिन्न किसिमका योजनाहरु विभिन्न निकायहरुबाट सञ्चालन गरिन्छन। उत्पादनसंग सम्बन्धित, निर्माणसंग सम्बन्धित तथा संरक्षणसंग सम्बन्धीत जे जस्ता योजनाहरु भए पनि ती सबै मानवीय हितका खातिर भूमिमा नै सञ्चालन गरिने हो। तर उत्पादनको अति महत्वपूर्ण साधन 'भूमि' को बैज्ञानिक उपयोगमा भने नेपाल धेरै पछाडि छ। खासगरी पछिल्लो समयमा कृषियोग्य जमिनको दुरूपयोग भईरहेको छ। सार्वजनिक र निजी क्षेत्र दुवैले भूमिलाई आफ्नो अनुकुल प्रयोग गर्दै आइरहेका छन।

जनसंख्या वृद्धि संगै अहिले नेपालमा कित्ताहरुको संख्या चार करोड भन्दा वढी भएको बताईन्छ। त्यस्तै नयाँ–नयाँ वस्तीहरुको विकास र अन्य पूर्वाधार विकास आयोजनाहरुको विस्तारले प्रकृती र वातावरण माथि थप दवाव सिर्जना भएको छ। उर्वर खेतीयोग्य भूमिहरुमा धमाधम कंक्रिटका संरचनाहरु निर्माण भईरहेका छन्। नेपालको संविधानले कृषीलाई व्यवसायिकरण, आधुनिकीकरण, विविधीकरण गर्नुका साथै भूमि लगायत प्राकृतिक स्रोतको उपयोगलाई सन्तुलित बनाउने नीति लिएको छ। हाम्रो जस्तो अधिकाँश नागरिक कृषिमा निर्भर रहेको देशमा त भू-उपयोगनै सम्बृद्धिको निर्धारक हो भन्दा अत्युक्ति हुँदैन। यस्तो स्थितिमा सामाजिक आर्थिक समृद्धिका लागि भूमिको दिगो र बैज्ञानिक उपयोगनै एउटा उचित विकल्प हुन सक्दछ। त्यसैले प्रभावकारी र उचित भू–उपयोग नीति र योजनाको निर्माण तथा त्यसको व्यवहारिक कार्यान्वयन हाम्रो जस्तो देशको लागि अपरिहार्य छ। हामी यस कुरामा जति विलम्ब गर्छौं त्यति नै त्यसबाट सृजना हुने नकारात्मक परिणामहरुबाट ग्रसित हुनेछौं।

सिमित भूमि श्रोतको उचित उपयोग गर्नको लागि भू–उपयोग योजना आवश्यक हुन्छ। भू-उपयोग योजना निर्माणका लागि भू-उपयोग क्षेत्र वर्गिकरण अनिवार्य छ। नेपाल सरकारले विगत केहि वर्षदेखीको प्रयास पछि स्थानीय तहहरुको विद्दमान भू–उपयोगको नक्शा तयार पारेको छ। भू–उपयोगको Zoning नक्शाको सहायताबाट स्थानीय तहको आवश्यकता समेतलाई बिचार गरी हरेक कित्ता जग्गाको वर्गीकरण गर्नुपर्ने विषय भू–उपयोग ऐन, २०७६ र भू–उपयोग नियमावली २०७९ ले वाध्यकारी बनाएको छ। भू–उपयोग ऐन, २०७६ ले संघीय, प्रादेशिक र स्थानीय तहमा भू–उपयोग परिषद को व्यवस्था गरेको छ। सोही ऐन वमोजिम स्थानीय तहको, भू–उपयोग परिषद्लाई भू–उपयोग क्षेत्र वर्गीकरण गर्न मात्र नभै भू–उपयोग योजना तर्जुमा गरी लागु गर्ने अधिकार एवम दायित्व समेत सुम्पिएको छ।

यस सन्दर्भमा नापी विभाग बाट हाल उपलब्ध तथ्याङ्कलाई स्थानीय तहले स्थानीय वास्ताविकता अनुसार ठीक छ छैन रुजु गरी भूबनोट, क्षमता, उपयुक्तता र आवश्यकता समेतका आधारमा भू–उपयोग क्षेत्र वर्गीकरण गरी भूमि प्रशासन एवम भू-उपयोगलाई व्यवस्थित बनाउनु पर्नेछ।

२. वर्गीकरणको औचित्य

राज्यको सीमित भूमि र भूमि श्रोतको वैज्ञानिक एवम समुचित उपयोग र प्रभावकारी व्यवस्थापनबाट दिगो सामाजिक, आर्थिक विकास गर्न नेपाल सरकारले भू-उपयोग नीति, २०७२ लागु गरेको छ। भू-उपयोग नीतिको प्रभावकारी कार्यान्वयनको लागि भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ जारी भैसकेको छ। भू-उपयोग ऐन, २०७६ ले समग्र आर्थिक, सामाजिक, वातावरणीय विकास लगायतका विषय समेटी स्थानीय तहमा भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। त्यसैगरी भू–उपयोग नियमावली २०७९ ले स्थानीय तहको भू–उपयोग क्षेत्र वर्गीकरण र भू-उपयोग योजना तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा पनि स्थानीय स्तरमा भू-उपयोग योजना तर्जुमा गरी कार्यक्रमहरू सञ्चालन गर्ने विषय समावेश छ।

७५३ वटै स्थानीय तहको भू-उपयोग क्षेत्र वर्गिकरण गर्न अत्यावश्यक भू-उपयोग नक्सा तथा सो सँग सम्बन्धित तथ्याङ्कहरु नापी विभागबाट तयार भैसकेको छ। भौगोलिक सूचना प्रणाली (GIS) प्रविधिबाट तयार गरिएका उक्त नक्साहरुको प्रयोग गरी भू–उपयोग क्षेत्र वर्गिकरण गर्ने कार्य आँफैमा जटिल प्रकृतिको र चुनौतीपूर्ण समेत रहेको छ। प्रचलित कानुनहरूले भू-उपयोग क्षेत्र वर्गिकरण र भू-उपयोग योजना तर्जुमा गर्ने कार्य स्थानीय तहहरूको अधिकारक्षेत्र भित्र राखेको भए पनि हाल स्थानीय तहहरूको क्षमता विश्लेषण गर्दा केही बाहेक अधिकांश स्थानीय तहको प्राविधिक क्षमता अपर्याप्त छ। यसप्रकार भू-उपयोग क्षेत्र वर्गिकरण गर्ने विषय स्थानीय तहहरूका लागि जटिल भएकोले सबै स्थानीय तहहरूलाई यस सम्बन्धी कार्यमा प्राविधिक दिशानिर्देशको खाँचो छ।

भू-उपयोग क्षेत्र वर्गिकरण कार्यको मुख्य उद्देश्य उपलब्ध भूमि र भूमि स्रोतको समुचित उपयोग र व्यवस्थापन गर्न भू-उपयोग ऐनले तोके बमोजिमका क्षेत्रहरूमा आवश्यकता अनुसार वर्गीकरण गरी सहभागीतामूलक ढङ्गबाट विस्तृत भू-उपयोग योजना तर्जुमा गर्ने कार्यलाई आधार तयार गर्ने रहेको छ। भू-उपयोग क्षेत्र वर्गीकरण गर्ने र भू-उपयोग योजना तर्जुमा गर्ने कार्य नेपालको सन्दर्भमा नितान्त नयाँ, निकै चुनौतीपूर्ण, उच्च तहको प्राविधिक एवम् योजना तर्जुमाको व्यावहारिक ज्ञान आवश्यक छ। यसप्रकारको जनशक्ति र क्षमताको विकास भर्खरै स्थापित भएका प्रदेश र स्थानीय तहहरुमा उपलव्ध भई सकेको छैन।

३. उद्देश्यहरु

भूबनोट, क्षमता तथा उपयुक्तता, एवम आवश्यकताका आधारमा गरिने भू–उपयोग क्षेत्र वर्गीकरणका मुख्य उद्देश्यहरु निम्न अनुसार छन् :

(क) विद्यमान भू-उपयोगलाई न्यायोचित एवम उपयुक्तताको आधारमा कृषि, आवास, व्यवसायिक, वन लगायत विभिन्न वर्गमा विभाजन गरी क्षेत्रगत भूउपयोग योजना तर्जुमा गर्न सहयोग पुर्याउने ।

(ख) खाद्य असुरक्षा तथा वातावरणीय विनास (भूमि, वायु र जल) जस्ता चूनौतिहरु सृजना हुन नदिन भूमिको अव्यवस्थित प्रयोग नियन्त्रण गर्ने ।

(ग) भईरहेका एवं अव विकास हुने वस्तीहरुलाई स्वच्छ, सुन्दर एवम सुरक्षित बनाउन व्यवस्थित वस्ती विकासका योजनाहरु तयार गर्न सहयोग पुर्याउने।

यसका विशिष्ट उद्देश्यहरु निम्न छन् :–

(क) आठराई त्रिवेणी गाउँपालिकामा भू–उपयोग क्षेत्रहरुको वर्गिकरण देखि अनुमोदन तथा स्वीकृत गराउने चरण सम्म आवश्यकता अनुसार विभिन्न वैठक तथा समूहगत छलफलहरु आयोजना गर्ने ।

(ख) हाल उपलब्ध भू–उपयोग क्षेत्र सम्बन्धी नक्शा, स्याटेलाईट ईमेज, कित्ता अध्यारोपण (क्याडष्ट्रल सुपरइम्पोज) एवम स्थलगत अध्ययनका आधारमा स्थानीय तहमा भू–उयोग क्षेत्र वर्गीकरण सम्बन्धी निर्णय गर्ने।

(ग) कित्ता नापी हुनेबेलाका साविकको गाविसहरु लाई समेत मध्यनजर गरि हाल उपलब्ध भू–उपयोग क्षेत्र नक्शा एवम कित्ता अध्यारोपण तथा हालको अवस्था समेत विश्लेषण गरि प्रत्येक कित्ता कित्ताको वर्गिकरण गर्ने।

(घ) भू–उपयोग क्षेत्रमा सम्पूर्ण कित्ता जग्गा मिलान वा सूचिकृत गर्ने र सबै आवश्यक तथ्याङ्क एवम अभिलेखहरु राख्न तथा तिनलाई चलाउन सघाउने र भू-उपयोग योजना तयार पार्न सघाउने ।

४. अध्ययन क्षेत्र

आठराई त्रिवेणी गाउँपालिका पूर्वी नेपालको कोशी प्रदेश अन्तरगत ताप्लेजुङ जिल्लाको दक्षिणपश्चिम भागमा अवस्थित एक सुन्दर गाउँपालिका हो । वि.सं. २०७३ सालमा सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले स्थानीय तह लागू गर्दा ताप्लेजुङ जिल्लामा साविकको फूलबारी, निघुरादीन, चाँगे र हाङपाङ गाउँ विकास समितिहरूलाई आठराई त्रिवेणी गाउँपालिका बनाइएको हो । यस गाउँपालिकाको कूल क्षेत्रफल ८८.८४ वर्गकिलोमिटर रहेको छ । यस गाउँपालिकालाई ५ वडामा विभाजन गरिएको छ । यस गाउँपालिकाको कूल जनसङ्ख्या राष्ट्रिय जनगणना २०६८ बमोजिम १३७८४ रहेको छ भने यो संख्या घटेर राष्ट्रिय जनगणना २०७८ बमोजिम १२२९६ पुगेको छ । यस गाउँपालिकाको सिमाना पूर्वमा पाथिभरा याङ्गवारक गाउँपालिका र पाँचथर जिल्ला पश्चिममा मैवाखोला गाउँपालिका उत्तरमा फुङ्लिङ गाउँपालिका तथा दक्षिणमा तेह्रथुम जिल्ला सम्म फैलिएको छ ।

५. कार्य क्षेत्र

भू–उपयोग नियमावली, २०७९ ले व्यवस्था गरे बमोजिम भू–उपयोग क्षेत्र नक्शा तथा विवरण प्राप्त भएपछि भू–उपयोग क्षेत्र वर्गीकरण गर्दा देहायका कुरालाई विचार गरिने छ :

(क) स्थानीय आवश्यकता (स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड तथा स्थानिय नागरिकहरुको आवश्यकता)

(ख) प्राप्त भू–उपयोग क्षेत्र नक्शा एवम तथ्याङ्कहरु

(ग) "भू-उपयोग नियमावली,२०७९" को नियम ८ मा उल्लिखित भू–उपयोग क्षेत्र वर्गीकरणका आधार, मापदण्ड तथा क्षेत्रफल।

५.१ भू-उपयोग क्षेत्र वर्गीकरणको तयारी अन्तर्गत सम्पन्न गरिएका कार्यहरुः

(१) नापी विभागबाट आठराई त्रिवेणी गाउँपालिकाको भू-उपयोग नक्सा र तथ्याङ्कहरु प्राप्त भए/नभएको यकिन गरी विद्यमान भू–उपयोग नक्शा र भूमि सम्बन्धी तथ्याङ्क सङ्कलन गरिएको ।

(२) कार्य क्षेत्रभित्रको सम्पुर्ण जग्गाहरुलाई समेट्ने गरि ५ मिटर रिसोलुसनको सेटेलाईट ईमेज Map Puzzle को प्रयोग गरि डाउनलोड गरिएको ।

(३) डाउनलोड गरिने सेटेलाईट ईमेज हरुलाई Mosaic गरि MUTM प्रणालीमा Transformation गरिएको ।

(४) आठराई त्रिवेणी गाउँपालिका भरिका कित्तानापी नक्साहरुको Scan गरिने विवरण संकलन गरिएको ।

(५) नक्सा तथा तथ्याङ्क प्राप्त भएपछि ती तथ्याङ्कको महत्व, उपयोगिता, प्रयोग विधि लगायत विषयमा जानकारी गराउन आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदका सदस्यहरु, जनप्रतिनिधिहरु, स्थानीय बुद्धिजिविहरु तथा नागरिकहरुको लागि कार्यशाला एवम अन्तरक्रिया गरिएको।

(६) गाउँपालिकाका पदाधिकारीहरु, मालपोत कार्यालयका प्रतिनिधीहरु र नापी कार्यालयका प्रतिनिधीहरु एवम अन्य सरोकारवाल पक्षहरुसंग आवश्यकता अनुसार वैठक तथा समूहगत छलफल गरिएको।

५.२ स्थानीय आवश्यकताहरु पहिचान गर्नको लागि गरिएका कार्यहरुः

(१) भू-उपयोग क्षेत्र निर्धारण गर्नुअघि आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषद मार्फत आठराई त्रिवेणी गाउँपालिका क्षेत्रभित्रको सम्पूर्ण जग्गाको विशेषता सहित विस्तृत सूचना वा जानकारी हासिल गरिएको ।

(२) आठराई त्रिवेणी गाउँपालिकामा के/कस्तो भू-उपयोग क्षेत्रहरू हुनुपर्ने हो वा के/कस्तो भू-उपयोग क्षेत्र कायम गर्न उपयुक्त हुने हो सोको एकीन गर्नको लागि स्थानिय वासिन्दा एवं विज्ञहरु संग छलफल गरिएको ।

(३) प्रत्येक वडामा वडा अध्यक्षको नेतृत्वमा वडा सदस्यहरू, किसानहरू, विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू, सम्बन्धित विषयगत क्षेत्रमा कार्यरत सरकारी वा गैरसरकारी संस्थाका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि लगायतसँग छलफल तथा परामर्श गरिएको।

५.३ भू-उपयोग नक्शा एवं तथ्याङ्कहरुलाई अध्ययन तथा विश्लेषण गर्नको लागि गरिएका कार्यहरुः

(१) नापी विभागबाट प्राप्त भू-उपयोग नक्शा तथा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिने ५ मिटर रिसोलुसनको स्याटेलाईट ईमेज तथा सो क्षेत्रको कित्तानापी नक्साहरुमाथि ओभरले गरेर अध्ययन गरिएको ।

(२) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथा तथ्याङ्कहरुले फिल्डको वास्तविकतालाई शुद्धसँग नक्साङ्कन गरिने छ कि छैन, भू-उपयोग नक्सामा गरिने भू-उपयोग क्षेत्र वर्गीकरण स्थानीय तहको माग र आवश्यकता बमोजिम छ कि छैन भनि अध्ययन गरिएको ।

(३) नक्सा तथा तथ्याङ्कहरुले फिल्डको वास्तविकतालाई शुद्धसँग नक्साङ्कन नगरिने पाईएको हुदाँ त्यस्ता त्रुटिहरुलाई सच्याईएको जस्तैः अधिकांश व्यक्तिगत जग्गामा भएका जङ्गलहरु वन क्षेत्रमा वर्गीकरण गरिने पाईएको हुँदा त्यस्ता त्रुटिहरु लाई सच्याईएको।

(४) आठराई त्रिवेणी गाउँपालिकाको आवश्यकता अनुसार भू-उपयोग क्षेत्र वर्गीकरण गर्न प्राप्त नक्सा तथा तथ्याङ्कहरुलाई आवश्यकता र औचित्यताका आधारमा संशोधन, परिमार्जन तथा अद्यावधिक गरिने ।

५.४ भू-उपयोग क्षेत्र वर्गीकरण

(१) भू-उपयोग क्षेत्र वर्गीकरण गर्दा भू-उपयोग ऐन, २०७६ को दफा ४ बमोजिम हुनेगरी सम्बन्धित स्थानको भूबनोट भूमिको क्षमता तथा उपयुक्तता, भूमिको मौजुदा उपयोग र आवश्यकता समेतका आधारमा भूमिलाई कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सिमसार क्षेत्र, सार्वजनिक उपयोगको क्षेत्र, सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र, लगायत आवश्यकता अनुसार तोकिएका अन्य क्षेत्रमा वर्गिकरण गरिएको ।

(२) नापी विभागले निर्धारण गरेको प्राविधिक स्पेसिफिकेसन तथा "भू-उपयोग नियमावलि २०७९" ले तोकेको न्यूनतम क्षेत्रफल बमोजिम भू-उपयोग वर्गीकरण गरिएको ।

(३) आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदले स्वीकृत गरेको भू-उपयोग वर्गीकरण सम्बन्धी आधार तथा मापदण्ड अनुसार भू-उपयोग क्षेत्रहरु वर्गीकरण गरिएको ।

५.५ नक्शा एवम तथ्याङ्कको अद्यावधिक

(१) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिएको **५** मिटर रिसोलुसनको स्याटेलाईट ईमेजमाथि ओभरले गरेर आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड अनुसार परिमार्जन वा अद्यावधिक गरिएको । स्याटेलाईट ईमेजबाट छुट्याउन नसकिएका Feature हरुको डाटा फिल्डमा नै गएर संकलन गरेर सोको आधारमा भू-उपयोग नक्साहरु अद्यावधिक गरिएको।

(२) नापी विभागबाट प्राप्त भू-उपयोग नक्सा तथ्याङ्कहरूलाई जियोरिफरेन्सिङ्ग गरिएका कित्तानापी नक्साहरुमाथि ओभरले गरेर आठराई त्रिवेणी गाउँपालिकाको स्थानीय भू-उपयोग परिषदले तयार पारेको मापदण्ड अनुसार परिमार्जन वा अद्यावधिक गरिएको ।

(३) फिल्डबुक एवं श्रेष्ताहरुको आधारमा सरकारी सार्वजनिक जग्गाहरु तथा वनहरुको विवरण यकिन गरि भू-उपयोग क्षेत्र वर्गीकरण गरिएको ।

(४) भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी नक्सा तथ्याङ्क अद्यावधिक गरिसकेपछि उक्त नक्सा सम्बन्धित स्थानको समान माननापको कित्ता नापीको नक्सासँग ओभरल्याप गरी कित्ता नापी र भू-उपयोग क्षेत्र निर्धारणको सुपरइम्पोज नक्सा तयार गरिएको ।

(५) उक्त नक्सा र तथ्याङ्कका आधारमा कुन कित्ता कुन भू-उपयोग क्षेत्रमा परेको छ भनि यकिन गरी विवरण तयार गरिएको ।

(६) भू-उपयोग क्षेत्र वर्गीकरण गरी नक्सा तयार गर्दा कुनै कित्ता जग्गा दुई वा दुई भन्दा बढी भू-उपयोग क्षेत्रमा पर्न गएको देखिएमा सो सम्बन्धमा आठराई त्रिवेणी गाउँपालिकाले तय गरेको मापदण्डमा उल्लेख गरिए अनुसार प्राथमिकताको आधारमा उक्त कित्ताहरुलाई वर्गीकरण गरिएको ।

(७) फिल्डमा रुजु गरिएका प्रत्येक जग्गाका कित्ताहरुलाई उचित किसिमको भू–उपयोग क्षेत्रमा वर्गीकरण गरिएको।

(८) जनसहभागिताको आधारमा भू–उपयोग क्षेत्रहरु वर्गीकरण गर्न स्थानीय तहमा भू–उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी कार्यक्रमको वारेमा स्थानीय नागरिकहरुलाई जानकारी दिइएको र उनीहरु संग बसी सो कार्य सम्पन्न गरिएको ।

(९) आवश्यक पर्दा स्थानीय क्लब, सामुदायिक संघसंस्था, शिक्षक, सामाजिक कार्यकर्ता, नागरिक समाज, जेष्ठ नागरिक, आमा समूह आदिको सहयोग लिइएको।

(१०) जनसंख्याको आधारमा वसोबास क्षेत्रको वर्गीकरण गर्दा सन् २०३१, २०४१ र २०५१ सम्मको प्रक्षेपणलाई आधार मानेर क्षेत्र वर्गीकरण गरिएको ।

(११) वर्गीकरण गरिसकेपछि प्रत्येक भु-उपयोग क्षेत्रमा परेका प्रत्येक कित्ताहरुको रुजु गरि प्रतेक वडा भित्रका साबिक वडा नम्बर अनुसार विभिन्न भू-उपयोग क्षेत्रमा परेका प्रत्येक कित्ताहरुको कित्तागत विवरण तयार गरि यसै साथ संलग्न गरि आठराई त्रिवेणी गाउँपालिकामा बुझाईएको छ ।

अनुसुचि-१

क्र.स	भू-उपयोग क्षेत्र	क्षेत्रफल(हेक्टर)	प्रतिसत	कैफियत
१.	कृषि क्षेत्र	४६६६	५२.३१	
२.	आवासीय क्षेत्र	१२४१	१३.९१	
३.	व्यावसायिक क्षेत्र	-	-	
४.	औद्योगिक क्षेत्र	१.५	०.०१	
५.	खानी तथा खनिज क्षेत्र	-	-	
६.	वन क्षेत्र	२४३५	२७.३०	
७.	नदी, खोला, ताल, सीमसार क्षेत्र	३००	३.३७	
८.	सार्वजनिक उपयोगको क्षेत्र	२७१	३	
९.	सांस्कृतिक तथा पुरातात्विक महत्वको क्षेत्र	५	०.०५	
१०.	पर्यटकिय क्षेत्र	-	-	

अनुसुची-२ः वडागत भू-उपयोग नक्साहरु

अनुसुची-३ः भू-उपयोग योजना तथा भू-वर्गिकरण सन्दर्भमा आठराई त्रिवेणी गाउँपालिकामा सम्पन्न प्रारम्भिक अभिमुखिकरण कार्यशाला साथै वडाहरुले गरेका निर्णयहरु

अनुसुची-४ः वडागत कित्तागत विवरणहरु

अनुसुची-२: वडागत भू-उपयोग नक्साहरु

Aathrai Tribeni Rural Municipality Ward 2

Landuse Plan

Koshi Province

Aathrai Tribeni Rural Municipality Ward 3

Landuse Plan

Koshi Province

Aathrai Tribeni Rural Municipality Ward 4

Landuse Plan

Koshi Province

Aathrai Tribeni Rural Municipality Ward 5

Landuse Plan

Koshi Province

Aathrai Tribeni Rural Municipality

Landuse Plan

Koshi Province

Zone	Area in Hectares
Agricultural	4666
Forest	2435
Residential Zone	1241
Industrial Zone	1.51
Public Use Zone	271
Cultural and Archaeological Zone	4.74
Riverine and Lake and Marsh Area	300

अनुसुची-३: भू-उपयोग योजना तथा भू-वर्गिकरण सन्दर्भमा आठराई त्रिवेणी गाउँपालिकामा सम्पन्न प्रारम्भिक अभिमुखिकरण कार्यशाला साथै वडाहरुले गरेका निर्णयहरु

आज मिति २०८१ साल फाल्गुण २७ गते मंगलवारका दिन यस आठराई त्रिवेणी गाउँपालिकामा जग्गा वर्गिकरण तथा भूउपयोग कानून तर्जुमा सम्बन्धी अभिमुखिकरण कार्यक्रम गाउँपालिका अध्यक्ष श्री दिपेन्द्र पोमुज्युको अध्यक्षतामा तपशील बमोजिमको उपस्थितिमा भव्य रुपमा सु-सम्पन्न गरियो ।

उपस्थिति:

१. श्री दिपेन्द्र पोमु (गा.पा. अध्यक्ष) .....
२. श्री शान्ता कुमारी आङबुहाङ (गा.पा. उपाध्यक्ष) .....
३. श्री बाबु नन्दन मेहता (प्र.प्र.अ) .....
४. श्री राम प्रसाद पाठक (वडा नं. १ वडाध्यक्ष) .....
५. श्री टेकिन्द्र सेन्दाङ (वडा नं. २ वडाध्यक्ष) .....
६. श्री सुर्यमान यक्सो (वडा नं. ३ वडाध्यक्ष) .....
७. श्री अर्जुन लिम्बु (वडा नं. ४ वडाध्यक्ष) .....
८. श्री लक्ष्मुमन राई (वडा नं. ५ वडाध्यक्ष) .....
९. श्री विष्णु कुमारी तामाङ (कार्यपालिका सदस्य) .....
१०. श्री मन कुमार नेपाली (कार्यपालिका सदस्य) .....
११. श्री सारदा कुमारी विमली (कार्यपालिका सदस्य) .....
१२. श्री सीता बराईली (कार्यपालिका सदस्य) .....
१३. श्री शान्ता गुरुङ (कार्यपालिका सदस्य) .....
१४. श्री सन्तोष राई (कार्यपालिका सदस्य) .....
१५. मनिसा राई (आर्युवेद शाखा) .....
१६. प्रियंका राई (प्रशासन शाखा) .....
१७. सञ्जु दहाल (कृषि शाखा प्रमुख) .....
१८. वासुदेव अधिकारी (सब-इन्जिनियर) .....
१९. प्रेम सिंह गुरुङ (ग्री.प) .....
२०. रोशन पौडेल (सब-इन्जिनियर) .....

CamScanner

२१. देवराज निरौला (अ.सब इन्जिनियर) .....
२२. घनश्याम बराल (उ.प.अ.) .....
२३. शिवराज लोम्राल (पशु सेवासहा.) .....
२४. राजमणी खतिवडा (MIS फि०स०) .....
२५. नारद गुराङ्गाँई (रोजगार सहायक) .....
२६. नरबहादुर बोहरा (लेखापाल) .....
२७. सुरेश पुरी (शिक्षा शाखा प्रमुख) .....
२८. मनकुमार लिम्बु (प्राविधिक सहायक) स.ई. .....
२९. अक्षय आचार्य (MIS) .....
३०. जीवन नेपाली (ई.) .....
३१. सुदिप महर्जन (स.ई.) .....
३२. सपना आचार्य (खापासहा.) .....
३३. सुरेन्द्र कुमार गुप्ता (अमिन) .....
३४. महेश पकसो (का.स) .....
३५. सुजन रुपा मगर (का.स.) .....
३६. सन्तोष सार्की (का.स) .....
३७. .....
३८. बिर्देक सिवाकोटी (ई.) .....
३९. महेश कुमार गणेश .....
४०. अभिषेक काफ्ले .....
४१. शालिराम .....
४२. .....
४३. .....

CamScanner

आज मिति २०८१ साल चैत्र २३ गते सनीबारको दिन बिहान ८:०० बजे देखी यस १ नं. वडा समितिका अध्यक्ष श्री राम प्रसाद पाठक ज्युको अध्यक्षतामा निम्न उपस्थितीमा बैठक बसी निम्न प्रस्तावहरुमा व्यापक छलफल गरी निम्न निर्णयहरु पारित गरियो।

उपस्थितीः

१ वडा अध्यक्षः श्री राम प्रसाद पाठक

२) वडा सदस्यः श्री शान्ता गुरुङ शान्ता

३) वडा सदस्यः श्री मल्लराज पोमु

४) वडा सदस्यः श्री कुमार शेर्पा

५) वडा सदस्यः श्री सोभा घिमिरे वि.क.

६) सदस्य सचिवः श्री धर्मु कुमार चौधरी

अन्य उपस्थितीः

१) बिर बहादुर पोमु

२) सन्तोष थिङ्गलाङ

३) कृष्ण माया पोमु

४) टिका देवी बराईली

५) इन्द्र कुमार [illegible] प्रविधिङ

६) दिनेश [illegible] ''

७) हरिराज पोमु

८)

टिका

प्रस्तावा नं. १ भु-उपयोग कार्यक्रमको प्रयोजनको लागि जग्गाको वर्गिकरण सम्बन्धमा ।

निर्णय नं. १ मा ब्यापक छलफल गर्दा आठराई त्रिवेणी गाउँपालिका वडा नं. ७ मा रहेको विभिन्न प्रकार र भुगोलको जग्गालाई तपसिल अनुसारको शिर्षकम वर्गिकरण गर्ने सर्वसहमतले निर्णय पारित गरियो ।

तपसिलः

१) अवासिय क्षेत्रः

- फुगुबा खोला हुँदै पालिका जाने सडक वरिपरी दाँया र बाँया ५०-५० मिटरले छोएको किताहरु
- लुम्बिनी पुल हुँदै धोद्रे जाने सडकको दाँया र बाँया २५-२५ मिटरले छोएको किताहरु
- फुगुवा खोला नागी हुँदै पालिका जाने सडकको दाँया र बाँया २५-२५ मिटरले छोएको किताहरु
- नादुखोला अम्ले फोक्ताङ फुगुवा सडकको दाँया र बाँया २५-२५ मिटरले छोएको किताहरु
- आठराई त्रिवेणी गा.पा. वडा नं. १ भित्र पर्ने आवासिय क्षेत्र भित्र पर्ने जग्गाहरु बाहेकका सम्पुर्ण जग्गाहरुलाई कृषि क्षेत्रमा राख्ने भनी निर्णय गरियो ।

आजको बैठक यहि समाप्त भयो ।

benco S1 Pro

वैठक संख्या. आ.व.२०८१।८२

आज मिति २०८१ चैत्र महिना२२ गते शुक्रवारका दिन दिउसो ०१ बजे यस आठराई त्रिवेणी गाउँपालिका-२ फुलबारीका वडाका वडा अध्यक्ष श्री टेकिन्द्र सेन्दाङ ज्युको अध्यक्षतामा २ नं. वडा समितीको नियमित वैठकमा निम्न निर्णय गरी पारित गरियो।

उपस्थित

१.वडा अध्यक्ष श्री टेकिन्द्र सेन्दाङ

२.प्रमुख अतिथि गाउँपालिका अध्यक्ष श्री दिपेन्द्र पोमु

३.वडा सदस्य श्री दुर्गा प्रसाद खतिवडा

४.वडा सदस्य श्री शारदा कुमारी विमली

५.वडा सदस्य श्री देवेन्द्र सेन्दाङ

६.वडा सदस्य श्री अमृता वि.क.

७.सदस्य सचिव श्री मनिषा वुढामगर

अन्य उपस्थिती अतिथी

७. श्री सोम विमली

८. श्री सुरेन्द्र कुमार गुप्ता

९. श्री हर्कध्वज लिम्बू

१०. श्री खगेन्द्र सेन्दाङ

११. श्री योगेन्द्र पहाल

१२. श्री लोकनाथ लङ्घाई

१३. श्री किवन कुमार

१४. श्री मनकुमार गुरुङ

१५. श्री ओमनारायन शेष्ठ

१६. श्री संगिता गैन्चे

१७. श्री सविता परियार

१८. श्री डिल्ली ब. खाती

१९. श्री जगन्नाथ लिम्बुलीना

२०. श्री आनन्द कुमार शाह

२१. श्री शान्ति खान

२२. श्री गणेश कराङ्गी

२३. श्री आस्था बोहोरा

२४. श्री प्रिया बास्कोटा

२५. श्री गजेन्द्र बहादुर लिम्बू

२६. श्री सुशिला सेन्दाङ

२७. श्री नवीता लिम्बू

२८. श्री दुर्गा सेन्दाङ

२९. श्री वासुदेव अधिकारी

S1 Pro
ear Camera
2025-05-17 17

३१. श्री महादेव राई
३२. श्री हरिकुमार रानल
३३. श्री दिनेश लोकाया

प्रस्ताव नं.१,स्वागत तथा परिचयात्मक कार्यक्रम सम्बन्धमा।

निर्णय नं.१ प्र.नं.१ माथि यस वडा समितिको बसेको बैठकले व्यापक छलफल गर्दा आठराई त्रिवेणि गाउँपालिका वडा नं.२मा रहेको विभिन्न विद्यालय तथा स्वास्थ्य चौकीमा स्थायी, अस्थायी नियुक्ति भई आउनुहुने शिक्षक शिक्षिका स्वास्थ्यकर्मिसँग परिचयात्मक तथा स्वागत गर्ने भनी निर्णय गरियो ।

प्रस्ताव नं.२,भु-उपयोग कार्यक्रमको प्रयोजनको लागी जग्गाको वर्गिकरण सम्बन्धमा।

निर्णय नं.२ प्र.नं.२ माथि यस वडा समितिको बसेको बैठकले व्यापक छलफल गर्दा आठराई त्रिवेणि गाउँपालिका वडा नं.२मा रहेको विभिन्न प्रकार र भुगोलको जग्गालाई तपसिल अनुसारको शिर्षकमा वर्गिकरण गर्ने सर्वसम्वत निर्णय गरियो ।

तपसिलः

१.आवासिय क्षेत्र

क) नाबु खोला हुदै खूवा खोला सम्म जोड्ने मोटर बाटोको क्षेत्राधिकार भन्दा दायाँ बायाँ ५०-५०मिटरले छोएका कित्ताहरु

ख) नागी हुदै जुकेटार सम्म जाने मोटर बाटोको क्षेत्राधिकार भन्दा दाँया बाँया २५-२५मिटरले छोएका कित्ताहरु

ग)तमोर करिडोर नाबु खोला देखि खुवाखोला सम्म जोड्ने मोटरवाटोको क्षेत्राधिकार भन्दा दाँया बाँया ५०-५०मिटर छोएको कित्ताहरु

घ) गुप्तेश्वर मा.बी, सरस्वती मा.बी, दुर्गा मा.बि.को क्षेत्राधिकार भन्दा २५-२५मिटर दायाँबायाँ छोएका कित्ताहरु

२. आठराई त्रिवेणी गाउँपालिका वडा नं.२ भित्र पर्ने आवासिय क्षेत्र भित्र पर्ने जग्गाहरु बाहेकका सम्पुर्ण जग्गाहरुलाई कृषि क्षेत्रमा राख्ने भनी निर्णय गरियो ।

आजको वैठक यहि सम्पन्न भयो।

आज मिति २०७१ साल चैत महिना २३ गते शनिवारका दिन दिउँसो ०१ बजे यस आठराई त्रिवेणी गाउँपालिका - ३, हाटपाटका वडाका वडाअध्यक्ष श्री सूर्यमान थक्सो ज्यूको अध्यक्षतामा ३ नं. वडा समितिको नियमित बैठकमा निम्न निर्णय गरि पारित गरियो।

उपस्थिति

१. वडा अध्यक्ष : श्री सूर्यमान थक्सो
२. वडा सदस्य : श्री कर्ण बहादुर गुरुङ
३. —॥— : श्री सीता बराइली
४. —॥— : श्री नीलादेवी गङ्गराई
५. —॥— : श्री दुर्गा भण्डार

अन्य उपस्थित व्यक्तिहरु

६. श्री सत्योग लिम्बु
७. श्री बालचन्द्र अधिकारी
८. श्री चन्द्र प्रसाद लामिछाने
९. श्री हिमडला गुरुङ (अध्यक्ष)
१०. श्री राज कुमार छेत्री
११. श्री मान बहादुर अधिकारी
१२. श्री हर्क थक्सो
१३. श्री खड्ग बहादुर अधिकारी

प्रस्ताव नं १. खेतीपाती तथा पशुपालन कार्यक्रम सञ्चालनका !

निर्णय नं १. यु.नं. १ माथि यस वडा समितिको मङ्सिरको बैठकले छलफल गर्दा आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ मा रहेको विभिन्न विद्यालय तथा स्वास्थ्य चौकीमा स्थायी, अस्थायी विभुक्ति गई आएबुझे विभिन्न पार्टी प्रतिनिधि तथा कार्यालयहरु र परिचयात्मक तथा लेजत भर्ने भनी निर्णय गरियो।

यु.नं. २. भू-संरक्षणको कार्यक्रमको प्रयोजनको लागि जग्गाको नापिङ्का सम्बन्धमा !

नि.नं. २. फुल यु.नं. २ माथि छलफल गर्दा यस वडा समितिको मङ्सिरको बैठकले छलफल गर्दा आठराई त्रिवेणी गाउँपालिका वडा नं. ३ मा रहेको विभिन्न प्रकार र मूलोलको जग्गालाई समिति सुधारको सिफारिसमा समिति गर्ने सर्वसम्मत निर्णय गरियो

तपसील:-

१. आवासीय क्षेत्र

(१) पालिका पूर्व तर्फ धोपेजुङ डाँडा, पश्चिम तर्फ हाइपाइ स्वास्थ्य चौकी उत्तर तर्फ पाङ्ग्रा ज्यालसम र दक्षिण तर्फ श्रीजंघा आ.वि. सार्वे सप्तमी गोटेले स्वास्थ्य चौकी हुँदै खोलसीवार मडुवाखोला दायाँबाया हुँदा १००/१०० मिटर, पश्चिम क्षेत्र दायाँबाया ५०/५० मिटर दायाँबाया पाङ्ग्राज्यालसम, लोकुवाखोलादेखि पश्चिम सम्म दायाँबाया १००/१०० मिटर दायाँबाया, र खुवाखोलादेखि पाङ्ग्रा ज्यालसम दायाँबाया १००/१०० मिटर श्रीजंघा आ.वि. देखि देउराली सडक दायाँबाया ५०/५० मिटर, तमोर डरिडोर दायाँबाया ५०/५० मिटर, मुख्य सडक मन्त्री सडक आसपास ५०/५० मिटर दायाँबाया, धोपेजंग देखि जुङेटार भोइटे दायाँबाया ५०/५० मि., शान्ति आ.वि. क्षेत्र आसपास १०० मिटर, हुँगाढ-चोक आसपास दायाँबाया १००/१०० मिटर, गाउँपालिका कुटानी पिकनिक मिल देखि हिँडी हुँदै सप्तमी स्वास्थ्य चौकि सम्म दायाँबाया ५०/५० मिटर र धोपेजुङवार बराइनी गाउँ हुँदै पान्दुवा योल घोलाल बहादुर थकखोला बस्तुनी (इन्द्र तर्फ) जोड्ने बायोडो दायाँबाया ५०/५० मिटर बाटो भग्गा बाहेकका अन्य किसानका सम्पूर्ण जग्गाहरु लाई कृषि क्षेत्रमा राख्ने सर्वसम्मत निर्णय गरियो।

आजको बैठक यहिँ अन्त्य गरियो।

धन्यवाद।

आज मिति २०८१ साल चैत्र २ गते १२ शनिवारकादिन यस आठराई त्रिवेणीगाउँपालिका गाउँकार्यपालिकाको कार्यालय ४ नं. वडामुम्बादमा यस वडाका वडाध्यक्ष अर्जुन लिम्बूको अध्यक्षतामा भूउपयोग नीति-भूवर्गिकरण सम्बन्धमा बोलाइएको आम भेलाबाट निम्न व्यक्ति हरु तथा सरोकारवालाहरुको उपस्थितिमा निम्न प्रस्ताव हरु माथि बृहद छलफल गरी निम्न निर्णयहरु पारीत गरियो।

उपस्थिति

वडाध्यक्ष श्री अर्जुन लिम्बू आ०त्रि०गा०पा०वडा नं. ४
कार्यपालिका सदस्य श्री विष्णु कुमारी तामाङ
वडा सदस्य श्री सुन्दर राम लिम्बू आ०त्रि०४
वडा सदस्य श्री बलबहादुर लिम्बू — " —
~~वडा~~ श्री जलिन्द्र ब० आ०बुहा० — " — ओखे
श्री प्रेम प्रसाद प्रसाई आ०त्रि० ४ जैथी
श्री तेज कुमार सुब्बा आ०बुहा० ४ जैथी
श्री भूप ध्वोज लिम्बू — " — नेसुम
श्री मतमाया लिम्बू — " — — " — मतमाया
श्री भूपेन्द्र लिम्बू — " — — ओखे
श्री ज्ञानेन्द्र लिम्बू — " — — " —
श्री खगेन्द्र प्रसाद पौडेल — " — मेहेले
श्री दलबहादुर श्रेष्ठ — " — — " —
श्री सुरेन्द्र बस्नेत — " — आहाले
श्री सन्दीप लिम्बू — " — — " —
श्री अर्जुन तामाङ — " — गोर्जा
श्री मोन कुमार श्रेष्ठ — " — लाङसुम्बा
श्री मीन बहादुर लिम्बू — " — — " —
श्री महेश तामाङ — " — — " —
श्री मन कुमार लिम्बू — " — — " —
श्री बुखनारायण लिम्बू — " — नेसुम

CO S1 Pro
Rear Camera
2025-05-17

निम्न

१, लुङसुम्बाङ बजार देखि २ कि०मी वरपरका सबै सडकका दाया बाया २०० मीटर तलमाथि का आवासीय क्षेत्र।

२, गुफा भुजे नेसुम चाखे देभात सडक अन्तर्गत वलुचुङका, सेनेले सम्म

३, माथिल्लो नेसुम स्वास्थ्य चौकी देखि गैरी सामुदायिक भवन हुँदै काफल डाँडा सम्म को क्षेत्र।

४, नेसुम चाराते चोक, आङवुहाङ चोक आसपास ५०० मीटर सम्म।

५, गुफा, भुजे, नेसुम देभात अन्तर्गत क्यारक्यारे फुङचाप्ना खोपकेन्द्र आसपास ५०० मीटर दाँया बाया क्षेत्र।

६ सोवुना स्वास्थ्य चौकी देखि - सानोफेदी सामुदायीक भवन सम्मको क्षेत्र

७ सोवुना खोला गौरव मार्ग लुङसुम्बाङ मोड़ सम्म २०० मीटर क्षेत्र

निर्णय-२ प्रस्ताव नै २ माथि छलफल गर्दा यस आठराई त्रिवेणी ४ मा पर्ने निम्न स्थान हरुलाई सास्कृतिक तथा पुरातात्वीक क्षेत्र निर्धारण गर्ने निर्णय सर्वसम्मत बाट पारित गरियो।

निम्न

१, तीनतले पाखी भरा क्यारक्यारे

२, सुचिहाङ, आङवुहाङ यक

३, लुङसुम्बाङ पाखीभरा

४, साधु गुफा, तारेभीर

५, हिसी छो लिङ गुम्बा गोर्जासार

६ चासोक तङनाम, फेदी

निर्णय नं. ३ यस वडाका निम्न क्षेत्रहरुलाई व्यवसायीक क्षेत्र निर्धारण गर्ने निर्णय सर्वसम्मत वाट पारीत गरियो ।

निम्न

१, यस वडाको सुकै सेलेने क्षेत्र
२ फुङथाप्ला, गोर्जा क्षेत्र

नि. नं ४ माथि व्यापक छलफल गर्दा यसवडाका निम्न क्षेत्रहरुलाई खुल्ला तथा सार्वजनिक क्षेत्रको रुपमा निर्धारण गर्ने निर्णय गरियो

निम्न

१, विद्यालय खेलमैदान, अन्य संघ संस्थाको कम्पाउण्ड क्षेत्र
२, अन्य सार्वजनिक जग्गाहरु

निर्णय नं. ५ माथि व्यापक वृहद छलफल गर्दा माथि उल्लेखित ~~अन्य सम्पूर्ण~~ क्षेत्र बाहेक अन्य सबै क्षेत्र लाई कृषि तथा कृषि उत्पादन क्षेत्र निर्धारण गर्ने भन्ने निर्णय सर्वसम्मत वाट पारीत गरियो ।